# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २० फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा राष्ट्रीय जनतांत्रिक गठबंधन-एनडीए को मुख्यमंत्रिहरु अनि उपमुख्यमंत्रिहरु सँगको बैठकको अध्यक्षता गर्नुभयो।

- भाजपा विधायक रेखा गुप्ताले आज दिल्लीको रामलीला मैदानमा दिल्लीको मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गर्नु भयो ।

- भाजपा विधायकहरूले आज पनि विधानसभा बाहिर विरोध प्रदर्शन जारी राखे।

- टुङ-सन्तमेरिज समष्टि अन्तर्गत गोराबारीदेखि बालासनसम्मको जीर्णावस्थामा रहेको बाटो गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले निर्माण गर्ने भएको छ।

- डिस्ट्रिक लिगल सर्भिसेस अथोरिटी डीएलएसए दार्जीलिङको आयोजनामा आज दार्जीलिङ नगरपालिकामा कानुनी जागरूकता  कार्यक्रमको आयोजना गरियो ।

## पीएम-एनडीए मुख्यमंत्री बैठक

प्रधानमंत्री नरेंद्र मोदीले आज नयाँ दिल्लीमा राष्ट्रीय जनतांत्रिक गठबंधन-एनडीए को मुख्यमंत्रिहरु अनि उपमुख्यमंत्रिहरु सँगको बैठकको अध्यक्षता गर्नुभयो। यस बैठकमा केंद्रीय मंत्री अमित शाह, राजनाथ सिंह अनि जेपी नड्डा पनि उपस्थित थिए। बैठकमा महाराष्ट्रका मुख्यमंत्री देवेंद्र फडणवीस तथा उपमुख्यमंत्री एकनाथ शिंदे अनि अजीत पवार, आंध्र प्रदेशका मुख्यमंत्री चंद्रबाबू नायडू अनि उपमुख्यमंत्री पवन कल्याण, ओडिशाका मुख्यमंत्री मोहन चरण माझी, मध्य प्रदेशका मुख्यमंत्री मोहन यादव, राजस्थानका मुख्यमंत्री भजन लाल शर्मा, दिल्लीकी मुख्यमंत्री रेखा गुप्ता, उत्तर प्रदेशका उपमुख्यमंत्री केशव प्रसाद मौर्य, बिहारका उपमुख्यमंत्री विजय सिन्हा लगायत अन्य नेताहरु उपस्थित थिए।

****** ० ******

## दिल्ली शपथ ग्रहण

भाजपा विधायक रेखा गुप्ताले आज दिल्लीको रामलीला मैदानमा दिल्लीको मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गर्नु भयो । दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले उनलाई पद तथा गोपनीयताको शपथ गराउनु भयो । मुख्यमन्त्रीसँगै छ जना क्याबिनेट मन्त्रीहरू - परवेश साहिब सिंह, आशिष सूद, मनजिंदर सिंह सिरसा, रविन्द्र इन्दराज सिंह, कपिल मिश्रा र पंकज कुमार सिंहले पनि शपथ लिनुभयो।यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंह अन्य केन्द्रीय मन्त्रीहरू उपस्थित हुनुहुन्थ्यो।

****** ० ******

## भाजपा विधायक विरोध

भाजपा विधायकहरूले आज पनि विधानसभा बाहिर विरोध प्रदर्शन जारी राखे। भाजपा विधायकहरूले पार्टीका विधायक शंकर घोषको नेतृत्वमा विरोध प्रदर्शन गरे।प्राप्त जानकारी अनुसार, विरोध प्रदर्शनका क्रममा राज्य सरकारमाथि धर्मको नाममा राजनीति गरेको आरोप लगाइएको थियो।भाजपा विधायकहरूले ममता बनर्जी नेतृत्वको सरकारले हिन्दू विरोधी नीतिमा काम गरिरहेको आरोप लगाएका छन्। भाजपा विधायकहरूले यो पनि आरोप लगाए छन् की एक विशेष समुदायलाई खुशी पार्न बहुसंख्यक मानिसहरूलाई बेवास्ता गरिएको छ। विरोध प्रदर्शनपछि, भाजपा विधायकहरूले गीत गाए र सरकारको नीतिहरूको विरोध गरे।उल्लेखनीय छ कि मंगलबार विपक्षी दलका नेता शुभेन्दु अधिकारी र अन्य भाजपा विधायकहरूले विधानसभा कक्षमा

कागज च्यातेर सभामुखको कुर्सीमा फ्याँकेका थिए। यसपछि सभामुख बिमन बनर्जीले शुभेन्दु सहित चार भाजपा विधायकलाई निलम्बन गरे। त्यसबेलादेखि, भाजपा विधायकहरूले विधानसभा बाहिर निरन्तर विरोध प्रदर्शन गरिरहेका छन्, जुन आज पनि जारी रह्यो।

****** ० ******

**नयाँ आयकर विधेयक- 2025**

नयाँ आयकर विधेयक- 2025 लाई लिएर आयोजित एक संवादात्मक सत्रमा विशेषज्ञहरूले विभिन्न प्रावधानहरूको समीक्षा गर्नुपर्ने आवश्यकतामाथि बल दिएक छन्।
अधिवक्ता नारायण जैनले, यो विधेयक आयकर अधिनियमको सरलीकृत संस्करण हो, तर केही कड़ा प्रावधानहरूमा संशोधन हुन आवश्यक छ। उहाँले विशेष रूपमा रिफण्डको दाबीलाई लिएर नियत तिथिभित्र आईटी रिटर्न दर्ता गर्ने अनिवार्यतालाई कठोर बताउनु भएको छ। उहाँले सुझाउ दिनु भएको छ कर वर्ष समाप्त भएको नौ महिनाभित्रमा विलम्बित रिटर्न दर्ता गर्नेमाथि पनि रिफण्डको दाबी गर्ने अनुमति दिइनुपर्छ।उहाँले, सर्वेक्षण अवधि शपथमाथि बयान दर्ता गर्ने प्रावधान अनुचित छ र सर्वोच्च न्यायालयको सीआईटी बनाम कादर खान मामिलामा दिइएको फसेलाविरूद्ध छ। यस सत्रमा सीए दिलीप लोयलकाले पूँजीगत लाभसित सम्बन्धित नियमहरूमाथि चर्चा गरे अनि अल्पकालिक पूँजीगत लाभ सहित दीर्घकालिक पूँजीगत हानिको समायोजनो प्रावधानको सराहना गरे।डीबीएस ब्यांकको उपाध्यक्ष शिल्पी मल्लिकले बताइन्, ब्यांकले कोलकातामा आफ्नो नेटवर्कको माध्यमबाट उच्च सम्पत्ति रहेका ग्राहकहरूलाई विशेष ब्यांकिंग सेवा प्रदान गरिरहेको छ। उनले भने, डीबीएस ब्यांकले आफ्ना ग्राहकहरूको वित्तीय आवश्यकालाई बुझेर उनीहरूको व्यवसाय, निवेश तथा ब्यांकिग आवश्यकताहरूमाथि सहायता प्रदान गर्दछ।

****** ० ******

**प्रवर्तन निदेशालय**

सिलगढ़ीको हाकिमपाड़ामा ईडी (प्रवर्तन निदेशालय)-ले छापा मारेको छ। । ईडी सूत्र अनुसार राज्यभरि नै जाली एनआरआई प्रमाण पत्र विरोधी अभियान अन्तर्गत केन्द्रिय एजेन्सीका अधिकारीहरू आज जाँचको निम्ति सिलगढ़ी आइपुगेका छन्। प्रवासी भारतीयहरूका छोरा-छोरीको लागि मेडिकल कलेजहरूमा प्रवेशको लागि सीट आरक्षित छ । सूत्र अनुसार केही विद्यार्थीहरूले एनआरआई (अनिवासी भारतीय) कोटाको लाभ लिनका लागि जाली प्रमाण पत्र जमा गरेका छन्। ईडीले ब्यांक खाताहरू सहित लेन-देनको जाँच गरिरहेको छ। यस भ्रष्टाचारको जाँचको लागि सिलगढ़ीमा अभियान चलाइँदैछ जानकारी गरिन्छ कि यस अभियान अन्तर्गत आज ईडी अधिकारीहरुले वार्ड नम्बर 16 स्थित खेलाघर मोड संग्लग्न क्षेत्रमा ओषधि व्यापारी सहदेव घोषको छापा गरेको बताईएको छ|

****** ० ******

**टुङ-सन्तमेरिज समष्टि**

टुङ-सन्तमेरिज समष्टि अन्तर्गत गोराबारीदेखि बालासनसम्मको जीर्णावस्थामा रहेको बाटो गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनले निर्माण गर्ने भएको छ। दीर्घकालदेखि जीर्ण अवस्थामा रहेको उक्त बाटोको निर्माणको निम्ति स्थानीय वासिन्दाहरुले माग र गुनासो गर्दै आइरहेका थिए। जनताको हितमा गोराबारीदेखि बालासनसम्म आठ किलोमिटरको बाटोले अब निर्माण हुने खबरले स्थानीय वासिन्दाहरुमा खुशीको लहर छाएको छ।टुङ-सन्तमेरिज समष्टिका सभासद नुरी शेर्पाको उपस्थितिमा उक्त बाटो निर्माणको कार्य आरम्भ गरिएको छ। उक्त निर्माण कार्य अवधि सबैले साथ, सहयोग र निरीक्षण गरिदिउन भन्ने अपील पनि सभासद नुरी शेर्पाले गरेका छन्।
यस अवसरमा गोराबारी-मार्गरेट्स होप ग्राम पञ्चायतका प्रधान, उप-प्रधान, पञ्चायत सदस्य/सदस्यागण, पञ्चायत समितिका सदस्य/सदस्यागण लगायत सम्बन्धित विभागका विभागीय अधिकारीवर्ग साथै स्थानीय प्रतिनिधिहरुको उपस्थिति रहेको थियो। टुङ सन्तमेरिज समष्टि अन्तर्गत धेरै ठाउँहरुमा अहिलेघरी यस्ता विकासमूलक कार्यहरु धमाधम भइरहेको र बाटो निर्माण पछि स्थानीय वासिन्दाहरुलाई धेरै सुविधा पुग्ने पनि सभासद नुरी शेर्पाले बताएक छन्|

****** ० ******

**रेलिङमा ग्रेटर लायन्स भिजन**

आज रेलिङमा ग्रेटर लायन्स भिजन सेन्टर बिजनबारीको मुख्य आयोजनामा तथा रेलिङ ग्राम पञ्चायतको सहयोगमा एक दिने नि:शुल्क आँखा जाँच शिविर सम्पन्न गरियो । रेलिङ ग्राम पञ्चायत कार्यलायमा भएको आजको शिविरमा ८० जना भन्दा बढी रोगीहरूले नि:शुल्क रूपमा आँखा जाँच गराएक छन् भने चिकित्सकहरूद्वारा रोगीहरूलाई आँखा कसरी बचाउनु अनि आँखा रोग लाग्नुबाट कसरी बचाउनुपर्ने आदि बिषयमा परामर्श दिएक छन्। रोगीहरूको आँखाको अवस्था हेरेर आवश्यक परेकाहरूलाई सुलभ मुल्यमा चश्मा प्रदान गरियो साथै नि:शुल्क रूपमा दवाई पनि प्रदान गरियो भने यस शिविरमा ६ जना मोतीबिन्दु भएका रोगीहरू पाएका छन् भने उनीहरूलाई संस्थाले सिलगढी लगेर नि:शुल्क रूपमा अपरेशन गरिदिने भएका छन।आजको शिविरमा ग्रेटर लायन्स भिजन सेन्टर सिलगढीबाट सुराजीत रोय, सिर्जना तामाङ आदि उपस्थित थिए।

****** ० ******

**कालेबुङ जनकल्याण समिति**

कालेबुङको विभिन्न समस्याहरूलाई लिएर कालेबुङ जनकल्याण समितिले कालेबुङका जिल्लापाल समक्ष ज्ञापन बुझाएको छ। कालेबुङमा धैरै समस्या भइरहेको जानकारी गराउँदै प्रतिनिधि टोलीले जिल्लापाललाई यसको सम्पूर्ण विवरण पेश गरेको जनकल्याण समितिका सहसचिव विकास छेत्रीले बताएका छन्। यसरी नै कालेबुङको मुख्य समस्या पानीको समस्या रहेको जनाउँदै जनकल्याण समितिका सचिव हेमकान्त भण्डारीले आफूहरुले जिल्लापाल समक्ष उक्त विषय उठान गरेको बताएका छन्। यसको समाधानको निम्ति जिल्लापालले सकारात्मक रुपमा लिएको पनि उनले जानकारी गराएका छन्।

****** ० ******

**कालेबुङमा हकी प्रतियोगिता**

देशको विभिन्न राज्यका टिमहरुलाई समावेस गरेर कालेबुङमा हकी प्रतियोगिता आयोजना गरिने तय भएको छ। देशका पुर्व हकी कप्तान तथा ओलम्पियन भरत छेत्रीको हकी एकाडेमीको पहलमा आयोजना गरिने उक्त प्रतियोगिताबारे आज स्वयं भरत छेत्री अनि फुटबल खेलाडी तथा प्रशिक्षक नादोङ भोटियाले जानकारी गराएक छन्। सोह्ल माइलस्थित हकी मैदानमा अन्डर 16 बोइज अनि अन्डर 17 गर्ल्स डिभिजनमा उक्त प्रतियोगिता आयोजना गरिने भएको साथै प्रतियोगिता आयोजनाको निम्ति एउटा कमिटी गठन गरिएको छ।

**नारी शक्ति**

आज भारतीय गोर्खा प्रजातान्त्रिक नारी शक्ति, कालेबुङ जिल्ला समिति गठन गरिएको छ। कालेबुङ टाउन हलमा आज सम्पन्न कार्यक्रममा जिल्ला नारी शक्ति अध्यक्षको रुपमा सुनिता भुजेललाई अनि सुषमा लामालाई मुलसचिवको रुपमा चयन गरिएको छ। यस अतिरिक्त विभिन्न समष्टिबाट उपाध्यक्ष तथा सहसचिवहरु छनौट गरिएको छ। कार्यक्रममा केन्द्रिय समितिका पदाधिकारीगण, सभासदगण साथै जिल्ला समितिका नेतृत्वगण उपस्थित रहेका थिए भने नयाँ समिति गठनबारे केन्द्रिय नारी शक्ति अध्यक्ष अनु छेत्रीले जानकारी दिएकी छन्।

****** ० ******

**डीएलएसए दार्जीलिङ**

डिस्ट्रिक लिगल सर्भिसेस अथोरिटी डीएलएसए दार्जीलिङको आयोजनामा आज दार्जीलिङ नगरपालिकामा कानुनी जागरूकता कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा कानुन सम्बन्धी विभिन्न विषयहरुमा सुझाव दिनुको साथै महिला कर्मचारीहरुलाई कार्यलय अवधि हुने विभिन्न मानसिक र शारीरिक पीडालाई रोकथाम सम्बन्धि बनिएको कानुन पोस एक्ट बिषयमा पनि डीएलएसए सचिवा छिरिङ याङ्छेङ्ग लेप्चाले सबिस्तार जानकारी गराएकी थिइन् ।दार्जीलिङ नगरपालिकाको कन्फरेन्स हलमा आयोजना यस जागरुकता कार्यक्रममा दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरी ,नगरपालिकाका कर्मचारीहरु लगायत अन्यको उपस्थिती रहेको जानकारी पिएलभी रिना रायाले गराएकी छन् ।

****** ० ******

**सडक दुर्घटना**

उत्तर प्रदेशको प्रयागराज महाकुम्भ मेलामा जाने क्रममा सडक दुर्घटनामा परि दुई तीर्थयात्रीको मृत्यु भएको छ। हिज राति लगभग ११:३५ बजे आसनसोलको कुल्टी पुलिस थाना अन्तर्गत चौरंगी क्रसिङमा राष्ट्रिय राजमार्ग १९ मा दुर्घटना भएको थियो।

मृतकहरूको पहिचान शान्तनु मुखर्जी (६५) र शैलेन बनर्जी (६०) को रूपमा गरिएको छ भने घाइतेहरूमा शान्तनुका छोरा सौरभ मुखर्जी, श्रीमती मनसा मुखर्जी, बुहारी अनन्या मुखर्जी, शैलेनकी श्रीमती रुम्पा बनर्जी, शैलेनकी आफन्त शिउली कर्माकर र कार चालक सोमनाथ रहेका छन्। यी मध्ये शिउलीको अवस्था गम्भीर रहेको बताइएको छ।स्रोतका अनुसार बांकुराको विष्णुपुरस्थित अयोध्या गाउँका एकै परिवारका आठ जना सदस्य महाकुम्भमा स्नान गर्न लक्जरी कारमा प्रयागराज जाँदै थिए। बाटोमा, बर्द्धमान जिल्लाको कुल्टी पुलिस थाना क्षेत्र अन्तर्गत चौरंगी क्रसिङमा राष्ट्रिय राजमार्ग नम्बर १९ मा कार दुर्घटनामा परेको थियो।

****** ० ******

**इण्डियन गोर्खा जनशक्ति फ्रण्ट**

इण्डियन गोर्खा जनशक्ति फ्रण्ट मिरिक ब्लकको सांगठनिक सभा आज सम्पन्न भयो। सभा सेन्ट्रल वर्किङ कमिटीका सदस्य प्रशान्त लामाको अध्यक्षतामा सम्पन्न भएको थियो। सभामा सेन्ट्रल वर्किङ कमिटीका सदस्य एनबी खवास, महेन्द्र छेत्री, एमके पाख्रीन, मिरिक महकुमा ट्रेड यूनियन संयोजक तिलक लिङ्गेली र राब्गे राई उपस्थित थिए। साथै, मिरिक ब्लक अन्तर्गत 6 वटै ग्राम पञ्चायतका संयोजकहरु पनि उपस्थित थिए। मिरिकमा पार्टीलाई सशक्त बनाउन विभिन्न योजनाहरुमाथि छलफल गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

****** ० ******

****** ० ******